Citizens Bank
केन्द्रिय कार्यालय नारायणहिटी पथ, काठमाडौ नेपाल, www.ctznbank.com

CITIZENS NEWS BULLETIN

Year 2 | Issue 5 | February 2021

CEO'S MESSAGE

Ganesh Raj Pokharel



2020 has been a very successful year for the Bank, and we're proud to share with you all about it in this newsletter. I am very excited about what 2021 has in store for all of us. This will be a year of growth and new opportunities for everyone at Citizens Bank. I appreciate your continued commitment to the Bank and its growth. We are confident we can make this mutually rewarding.

Fighting and working continuously even during the peak time of pandemic, finally vaccines have arrived and now we hope to work even harder to provide better services to our customers. Our reputation is our most treasured asset and the foundation on which we have established the Bank. By understanding, and embracing our customers' business problems, vision, project objectives and goals, we will be able to build stronger and lasting relationships that will yield long term results and will be able to become one of the top ten Bank of the country.

One of our major achievement is that the Bank has been able to increase its profit by 27%. Turning to the Bank's financial strength, it gives me immense pleasure to announce that after acquiring SahayogiBikas Bank; the Bank now going to start joint operation with Tinau Mission Development Bank Ltd. in this quarter. The Bank has signed final acquisition MOU with them. After the acquisition, the Bank has reached to height where the Paid Up Capital is NPR 11.66 Billion, Total Deposits is NPR 125.58 Billion and Total Loan is NPR 104.37 Billion. After the joint transaction starts the human resources of the bank will be more than 1800 people. I feel great to inform you that now we will become a bigger Bank and with the support from the esteemed stakeholders of the Bank and collective efforts of the management team and all staff;the Bank has been able to reach where we are today. With the same enthusiasm of my Citizens team, I am sure that we will be able to become top 10 Bank of the industry very soon.

I am also pleased to share that the Bank composites customers from 77 districts and has been providing services to its customers from all 7 Provinces of the country through 109 branches, 98 ATMs and 107 BLB locations. This portrays the well-established network of the Bank. After the joint transaction of both Citizens Bank and Tinau Mission Development Bank starts, the Bank will have branch network of 164 branches and 113 ATMs with more than nine hundred thousand customers.

The Bank has done a lot of work to keep the corporate governance intact and various strategies has been adopted for proper risk management. The Bank has been appreciated by the Banking fraternity for corporate governance and risk management. We will always carry the slogan
"System Inside:: Image Outside"

I strongly believe that the system within the Bank must be strong, prompt and properly defined; whereas the image that we have in the society and among our stakeholders has to be good with top of the mind presence of the Bank. Once the system inside the organization is in the right place, it will automatically reflect the good image of the Bank in the market. We will never compromise on quality of our processes and service delivery. We will strive for excellence every day, every moment. I believe that each and every employee must be confident, competent and cooperative to the customers; for which the Bank has been providing best training facilities and cohesive working environment to all staff for the better performance.

Let us all work together to make Citizens Bank the leading Bank in the Industry.
Jai Citizens Bank!!

Support to COVID positive staff

The Bank has been continuously providing COVID related support to its entire staff including the support for hospitalization and hotel isolation; wherever needed since the first case was discovered in August 2021. As one date, there are only two active cases who are currently in home isolation. No major health issues were observed in the positive staff and except for the two currently actives cases; all have recovered and have already rejoined office. However, out of the two currently active cases, one staff from Simikot Branch, Humla had to be evacuated for further treatment. This unfortunately was the most serious case that the Bank has faced till date. Mr. KhadakUpadyay associated with the Bank since 2071 and currently working in the capacity of ABM was found to be COVID positive on January 8, 2021. He started showing symptoms of diarrhea, vomiting and difficulty in breathing as his oxygen level dropped to around 50. He was immediately admitted at District Hospital, Humla on the same day and was kept on continuous oxygen support. However, the oxygen level did not increase and his condition was worsening each day. Infection was also detected in his left chest and the doctor at the district hospital advised to transfer him immediately to a better/fully equipped hospital with ventilator facility.

The Bank has left no stone unturned for its entire staff and this was no exception. Considering the remoteness of the area and keeping in mind the urgency for advance treatment as well as in order to save the life of one of the human capital helicopter was chartered to airlift him to Kathmandu on January 11, 2021. He was then admitted at Nepal Medicity Hospital where all available healthcare measures were opted to save his life. After 18 days of hospitalization and continuous treatment, he has now been discharged on January 28, 2021; however, as his PCR report is still positive, he is in home isolation. Moreover, the cost for airlift and treatment has been undertaken by the Bank itself.

People are the most important of all the assets the Bank possess. Therefore, their health and safety is the top most priority of the Bank. The Bank believes that if its people are healthy the Bank's position/ progress will also be healthier.



Financial Highlights

As on Poush End, 2077 (As per Unaudited Financial Report)

EARNINGS PER SHARE

NPR 17.83

MARKET PRICE PER SHARE


NPR 295

Amount in NPR


PROFIT AFTER TAX	PROFIT BEFORE TAX	OPERATING INCOME	TOTAL ASSETS
875,193,607	1,276,038,157	2,269,668,841	128,298,270,127

As on Poush End, 2077/78

Deposit (Amount in NPR mio)




Loan (Amount in NPR mio)



Number of Depositors
719.664

Number of Borrowers
30,417

ELECTRONIC BANKING USERS





CITIZENS BANK'S REACH



	BRANCHES	ATMs	BLBs
Province 1	13	10	17
Province 2	19	12	06
Bagmati	40	47	60
Gandaki	07	07	04
Lumbini	14	12	08
Karnali	09	05	06
Sudur Paschim	07	05	06
Total	109	98	107

EMPLOYEE STRENGTH, TRAINING AND DEVELOPMENTS





Training and Development



The employees are periodically provided with training opportunities in order to develop the necessary skills not only tosurvive, but also compete in this dynamic industry. The focus is provided such that long-term goals of the employees and the Bank are in line with each other. The structured, pragmatic and challenging training plans have enabled the Bank to extract maximum benefits from the available employees with maximum utilization of human resources with minimum diversions. The employees are further encouraged to share their knowledge with fellow colleagues to strengthen the technical expertise at hand. Furthermore, employees in specific departments are provided with precise technical knowledge to help them nurture in the specific field of knowledge.

The biggest shift in training and development to the employees in the current time has been changed to online medium/webinars due to the circumstances arisen by COVID 19 pandemic.We believe that employees are the core strength of the Bank in the current time and they play a very significant role in the success of the Bank. Complying with our Human Resource Core Value which is to nurture, empower human capital and achieve their full potential; the Bank has been providing extensiveonline trainings in the crucial times too. In the second quarter of FY 2077/78the training details i.e. the kind of training and the number of staff benefited from the training is mentioned below.


Training Provided in Second Quarter

S.N	Nature of Training	No of Training Conducted	No of Participants
1	Calendar Programs	17	55
2	Online Training through Training Institutes	6	388
3	In-House Online Training	13	371
	TOTAL	**36**	**814**



Province-wise Training Details

S.No.	Provinces	No.of Staff Benefited
1	Province 1	65
2	Province 2	102
3	Bagmati Province	295
4	Province 4	36
5	Gandaki Province	55
6	Province 6	32
7	Sudur Paschim Province	37
	Total	**622**





बैंकिङ्ग क्षेत्रमा देखिएको स्वनियमनको चुनौति



नारायण राज अधिकारी

औपचारीक रूपमा करिव ८३ वर्ष पार गर्दै गरेको नेपालको बैंकिङ्ग क्षेत्र केही वर्ष यता तिव्र प्रतिस्पर्धात्मक वातावरणबाट गुज्रिरहेको समाचारहरू आउन थालेको देखिन्छ । संख्यात्मक हिसावले बैंक वित्तीय संस्थामा भएको उल्लेखनिय वृद्धीलाई चुक्ता पूँजीमा ४ गुणा सम्म वृद्धी गरिदिँदा विकास बैंक र फाईनान्स कंम्पनीको संख्या केही साँघुरिएता पनि बाणिज्य बैंकको संख्या अपेक्षितरूपमा घटेको पाइएन । बरू चुक्ता पूँजीमा भएको भारी वृद्दिसंगै व्यापार विस्तारका नाममा आक्रामक प्रतिस्पर्धा निम्त्याएको चर्चा परिचर्चा चलेको पाइन्छ । नेपाल राष्टू बैकको तथ्याँक अनुसार हाल देशमा २७ बाणिज्य बैंक, १९ विकास बैंक, २१ वित्त कंम्पनी, ७८ लघुवित्तीय संस्था र एक पूर्वाधार विकास बैंक गरि जम्मा १४६ संस्थाहरू सञ्चालित छन् ।



२०औं शताव्दीकै डरलाग्दो महामारी कोभिड १९ नामक भाइरस संक्रमणको त्रासले गत चैत्र महिनाको दोश्रो सातादेखि स्तब्ध भएको मुलुकको सामाजिक, आर्थिक जनजीवन सामान्य अवस्थामा आइसकेको छैन । लामो समयको लकडाउन र निषेधाज्ञाबाट हतास भएको मुलुकको आर्थिक क्षेत्र विस्तारै सम्हालिन थालेको छ तर पूर्ववत अवस्थामा फर्किसकेको छैन । विगतका वर्षहरूको परिदृष्य हेर्ने हो भने यतिखेरको समय, सामान्यतया पहिलो त्रैमाशिक पछि बैंक वित्तीय संस्था तरलता अभावको समस्याबाट गुज्रिरहेको देखिन्थ्यो । निक्षेप वृद्दिका लागि अनेकन तिकडमहरू लगाइरहेको सुनिन्थ्यो । कर्जा निक्षेप अुनपात खुकुलो बनाउन पऱ्यो भन्ने माग नियमाकीय निकाय समक्ष पुग्ने गथ्यो । तर यस पटक विपरित परिदृष्य देखिएको छ । कर्जा निक्षेप अुनपात साविकको ८० प्रतिशत बाट ८५ प्रतिशत बनिसकेको छ । बैंक वित्तीय संस्थाको ध्यान निक्षेप वृद्दिको लागि होइन घटाउनका लागि व्याजदर कटौतिमा केन्द्रित भएको देखिन्छ ।

कोभिड १९ले थला परेको मुलुकको आर्थिक वृद्दिदर नगन्य रूपमा हुने प्रक्षेपण सार्वजनिक भएका छन् । नयाँ कर्जा लगानीका क्षेत्रहरू खुलेका देखिदैनन् । तर निक्षेप र कर्जामा भएको वृद्दिलाई हेर्ने हो भने सामान्य अवस्थाको जस्तै देखिन्छ । नेपाल राष्टू बैकले प्रकाशित गरेको आर्थिक वर्ष २०७७/०७८ को पहिलो त्रैमाशिकको आँकडा अनुसार बैक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ४.९ प्रतिशतले वृद्धि भई रू. ४०२७ अर्ब ३७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ३.० प्रतिशतले वृद्धि भई रू. ३३३१ अर्ब ५७ करोड पुगेको थियो । त्यस्तैगरि कर्जा लगानी ४.० प्रतिशतले वृद्धि भई रू. ३३३९ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.३ प्रतिशतले बढेर रू. २९८८ अर्ब ७६ करोड पुगेको थियो । वृद्दिदरलाई हेर्दा लाग्छ अर्थतन्त्रमा कोभिड १९को कुनै असर नै परेको छैन । बैंक वित्तीय संस्थाहरू पनि पूर्ववत रूपमै आक्रामक प्रतिस्पर्धामा उत्रिसकेको खवरहरू आउन थालेका छन् । एक अर्काको ग्राहकहरू तानातान गर्ने चरम प्रतिस्पर्धा यस अधिका वर्षहरूमा सायद यो तहमा थिएन कि भन्ने समेत चर्चा चलेको देखिन्छ ।

कुनैबेला बैंक वित्तीय संस्थाबाट कारोवार गर्नु भयंकर ठूलो कुरो हुने सुन्ने गरिन्थ्यो तर आज परिस्थिति बदलिएको छ । आजको दिनमा एउटै ग्राहकलाई विभिन्न बैंक वित्तीय संस्थाले हारालुछ गरिरेहको परिदृष्य देखिएको छ । विगतमा बैंक वित्तीय संस्थाका शर्त बन्देजभित्र ग्राहक बस्नुपर्ने आवश्यकता थियो । तर आज ग्राहकको शर्त बन्देज अनुसार बैंक वित्तीय संस्थाले व्यापार विस्तार गर्नुपर्ने बाध्यता भएको कुराहरू बजारमा सुनिन थालेको छ । सञ्चालनमा आएका सबै बैंक वित्तीय संस्थाको प्रमुख उद्देश्य भनेको उच्चतम बैकिङ्ग सेवा सुविधा प्रदान गर्दै सकेसम्म बढि भन्दा बढि नाफा आर्जन गर्नु नै हो । नाफा कमाउनको लागि आम्दानीको प्रमुख श्रोत कर्जा लगानीको व्याजमै बढि निर्भर रहेको कारणले कर्जा लगानी बढाउनको लागि चर्को प्रतिस्पर्धा हुने गरेको यथार्थ यदाकदा सुन्न पाइन्छ ।

पछिल्लो क्रममा कर्जा लगानी बढाउनकै लगि स(साना किसिमका एउटै ग्राहकलाई पनि दुई वा दुई भन्दा बढी बैंक वित्तीय संस्थाले समान प्रकृति वा भिन्न प्रकृतिका कर्जा लगानी गरिरहेको स्थिति देख्न सकिन्छ । यस्ता किसिमका कर्जाहरूमा हुने बहुबैंकिङ्गका कारण जोखिमको मात्रा अधिक हुने र हालको अवस्थामा भन वृद्धि हुँदै गएको भन्ने तथ्य नेपाल राष्टू बैकको सुपरिक्षण प्रतिवेदनले उल्लेख गरेको छ । ठूला ग्राहक एवं ठूला परियोजनामा एउटा मात्र बैंक वित्तीय संस्थाले लगानी गर्दा उक्त ग्राहक वा परियोजना बिग्रन गयो भने लगानी गर्ने बैंक वित्तीय संस्था समेत धराशायी हुन सक्छ । यस्तो जोखिम न्यूनिकरण गर्नको लागि बहुबैंकिङ्ग कर्जा मार्फत दुई वा दुई भन्दा बढी बैंक वित्तीय संस्था सामेल भई कर्जा लगानी गर्न सक्छन । जस्ले गर्दा सहभागिता अनुसार जोखिमको बाँडफाँड हुन्छ र परियोजना खराव अवस्थामा पुगेको खण्डमा पनि एउटैलाई ठूलो भार पर्दैन । तर स(साना कर्जामा पनि हुने बहुबैंकिङ्गले कर्जाको सदुपयोगिता माथी नै प्रश्न चिन्ह खडा गर्न सक्छ । केही बैंक वित्तीय संस्थाले ग्राहकलाई आवश्कता भन्दा बढि कर्जा प्रवाह गर्दा समस्या हुन सक्छ भन्ने भन्ने थाहा पाउँदा पाँउदै पनि अधिक लगानी गर्ने गरेको कुराहरू बजारमा सुन्न थालिएको छ । पछिल्लो क्रममा केही बैंक वित्तीय संस्थाले कर्जा लगानी गर्दा उपयुक्त विश्लेषण नगरि दिने तर निकै कम समयको अवधिमै कर्जा असुलिको लागि ऋणीलाई दवाव दिने गरेको जनगुनासो समेत सार्वजनिक भएको देख्न सकिन्छ । यस्ता क्रियाकलापबाट बैंक वित्तीय संस्था र ग्राहक दुवैलाई फाइदा पुऱ्याउँदैन बरू बैकिङ्ग प्रणालीमा नै चुनौति थपिन सक्छ ।

व्यापारको नियम अनुसार स्वस्थ प्रतिस्पर्धा हुनु कुनै नौलो विषय होइन । हरेक पेशा/व्यवसायको क्षेत्रमा हुने मर्यादित प्रतिस्पर्धाबाट सिर्जनशिलताको उदय हुने गर्दछ जसको प्रत्यक्ष लाभ उपभोक्ताहरूले नविनतम सेवा सुविधाको रूपमा प्राप्त गर्ने गर्दछन् । बैंकिङ्ग क्षेत्र पनि नियमाकीय निर्देशनको सिमाभित्र रहेर गरिने एक विशिष्ठ किसिमको व्यापार नै हो यसमा पनि स्वस्थ प्रतिस्पर्धा हुनु अत्यन्त जरूरी छ । तर यो भुल्नु भएन कि अन्य व्यापार व्यवसायको क्षेत्र भन्दा बैंकिङ्ग व्यवसायको क्षेत्र धेरै नै संवेदनशिल छ । यसमा लाखौ करोडौ बचतकर्ताहरू जोडिएका हुन्छन् । प्रतिस्पर्धाका नाममा नियमाकीय प्रावधानको समेत उलंघन हुनेगरि सामान्य दाल चामल, गाडी घोडाको व्यापारमा हुने जस्तै अमर्यादित एवं अस्वस्थ्य प्रतिस्पर्धाले बैंकिङ्ग प्रणालीमै ठूलो संकट निम्त्याउन सक्छ । विगत ८(१० वर्ष अगाडिको बैंकिङ्ग अभ्यास र आजको बैंकिङ्ग अभ्यासमा आकाश जमिनको फरक देख्न सकिन्छ । वित्तीय प्रणालीको आकारमा उल्लेख्य वृद्दी भएको छ तर त्यसै अनुरूप प्रणालीको गुणस्तरमा सुधार हुनुपर्नेमा झन खस्कदो अवस्थामा पुगेको चर्चा चल्ल थालेको छ । कर्जा लगानीका क्रममा अपनाउनु पर्ने सावधानी जस्तै ग्राहकको व्यापार/व्यवसायको उचित मुल्यांकन, नगद प्रवाहको विश्लेषण जस्ता विषय बुझ्नको लागि विगतमा हुने गरेका असल अभ्यासहरू आजको दिनमा काम नलाग्ने हुदै गएका छन् ।

समय अनुसार परिवर्तन हुनु स्वभाविक नै हो तर असल अभ्यासको प्रतिस्थापन त्यो भन्दा अव्वल अभ्यासले हुनुपर्नेमा त्यसो हुन सकेको देखिदैन । कर्जा लगानीको उचित मापदण्डमा बसेर ग्राहकको आवश्यकता परिपूर्ति गरिनुपर्नेमा आजको बैंकिङ्ग अभ्यासमा ग्राहकको मोलतोल नै सर्वोपरि ठान्ने गरेको पाइन्छ । ग्राहकले माग गरेको कर्जाको पैसा कुन प्रयोजनको लागि आवश्यक हो त्यसको सदुपयोग के कसरी हुन्छ र कसरी भुक्तानी हुन्छ यस्को सुनिश्चितता गर्नु अत्यन्त जरूरी हुन्छ । कर्जा लगानी गर्नु ठूलो कुरा नहोला तर ग्राहकको आवश्यकता परिपूर्ति गर्दै समयमै उक्त कर्जाको भुक्तानी हुने सुनिश्चितता सहितको उपयक्त तालिका निर्धारण गर्नुपर्ने दायित्व बैंक वित्तीय संस्थाको हो । तर पछिल्लो क्रममा बैंक वित्तीय संस्थाको कर्जा लगानी आक्रामक भइरहदा कर्जा भुक्तानी प्रकृतिको समेत वेवास्ता बढ्दै गइरहेको देखिन्छ जसले गर्दा कर्जाको साँवा रत्तिभर तिरिएको हुँदैन बरू कर्जाको साँवा झन बढ्दै गइरहेको हुनसक्छ । व्यक्तिगत कर्जा होस वा व्यापारिक कर्जा केवल मासिक/त्रैमासिक व्याज तिरे पुग्ने प्रकृतिका कर्जालाई मात्र बढ्वा दिएको देखिन्छ जस्ले गर्दा दशौ सम्म पनि कर्जाको साँवा भुक्तानी भएको पाइदैन । यस्ता गतिविधिले कतै अन्तराष्टिय दात्रिसंस्था जस्तै वर्ल्ड बैंक, आई.एम.एफ ले भनेजस्तो कर्जा सदावहार (इभरग्रिनिङ्ग लोन) त भइरहेको छैन यसतर्फ बैंक वित्तीय संस्थाले समयमै सचेत हुनु जरूरी देखिन्छ । अर्न्तराष्ट्रिय अभ्यास अनुसार आजको बैंकिङ्ग प्रणाली कुन अवस्थामा छ, के हाम्रो अभ्यास त्यस दिशातर्फ अग्रसर छ त, नभए त्यसमा कसरी सुधार ल्याउने हो त्यस विषयमा बेलैमा ध्यान दिनु जरूरी छ ।

पछिल्लो क्रममा व्यापार विस्तारका नाममा नियमाकीय निकायले जारी गरेका निर्देशनहरूको पालना नगर्ने वा गरेपनि गलत अर्थ लगाउने गरेका कारण नियमाकीय निकाय स-साना कुरामा पनि कठोर बन्नुपरेको भनाइहरू नेपाल राष्ट्र बैंकका अधिकारीहरूले दिँदै आएको छन् । जस्तो कि कर्जा सेवा शुल्क के कति लिने, यसमा के कति छुट दिन सकिने, कर्जाको अग्रिम भुक्तानीमा के कति शुल्क लिने जस्ता विषयमा नियमाकीय निकायले अंकुश लगाएको छ । निक्षेपको व्याजदरको अन्तर तोकिदिएको छ । कर्जा लगानीबाट आर्जित हुने व्याजदरको अन्तर तोकिएको छ । यी त केही साँकेतिक उदाहरण मात्र हुन यस्ता दर्जनौ स-साना नियमाकीय निर्देशनहरू बैंक वित्तीय संस्थालाई जारी भएको देखिन्छ । बैंक वित्तीय संस्थालाई प्रत्येक स-साना कुरामा पनि निर्देशन दिनुपर्ने आजको परिस्थिति आवश्यकता हो कि बाध्यता यस विषय राष्ट्र बैंकले नै बुझेको होला । तर सामान्य हिसावले हेर्दा आजको बैकिङ्ग अभ्यास स्वनियमनमा धेरै नै कमजोर हुँदै गइरहेको त छैन भन्ने गहन चुनौति बैंक वित्तीय संस्था सामु खडा भएको छ । बैंकिङ्ग क्षेत्रको स्वनियमनलाई कसरी मजबुद बनाउने र नियमाकीय निकायको विश्वास कसरी आर्जित गर्ने भन्ने विषयमा बैंक वित्तीय संस्थाले बेलैमा ध्यान पुऱ्याउन जरूरी देखिन्छ । होइन भने, हालका स-साना निर्देशनहरूको संकेत हेर्दा आगामी दिनमा नियमाकीय निकाय झन कठोर बन्न सक्ने तर्फ इंगित गर्दछ ।

"Vaccinate Your Investment Portofolio"



Dasrath Shah

People across the world are queuing up for vaccines to gain immunity against Covid-19. As you wait your turn, don't forget that your investment portfolio needs to be vaccinated as well. Stock prices are at all-time high levels and many analysts believe a correction is round the corner. You must take steps to protect your portfolio against a possible decline in the market. And the best way to do this is by rebalancing your owns investment portfolio.

As of now, people are looking for signals, anything that is visible in the tea leaves, for how exactly will businesses, the economy, and their own savings and investments do in the post-COVID world. There are plenty of signals visible, both positive and negative. Depending on your mood at the moment, you could pay more attention to one or the other.



Under all circumstances, pandemic or no pandemic, it's better for investors to focus on what they can control. You have control over when you invest, what you invest in, what price you invest at. You can control whether you invest it in great excitement in some bubble, or whether you run away from investing when some disaster strikes. You also have complete control over the money you are going to invest in. How important is that amount of money in the general scheme of your finances? How long can you invest it for? Will you need it suddenly, or is it for a planned expenditure? How stable are the rest of your finances?

It takes a lot of time and perseverance to find your investment style. Further, it is said that the stock market is a business that does not have any entry barrier. Anybody can become a stockbroker and an investor. The investment experience is very cumulative in character. One has to find that key otherwise because zero multiplied by anything is zero.

Everybody has a different style. You have to find your way of making money and it takes a lot of time and perseverance to find your style.

This time, lack of other investment opportunities in the market due to the pandemic, and the availability of liquidity are also giving momentum to the stock market. People are free, and lacking other investment opportunities like in the normal times with gold prices already high, bank deposit rates dropping, and investment in new businesses being doubtful during this period, the stock market is a priority choice. On top of that, the digitalization of the trading market has played a key role in making it easy for investors to put their money in stocks. "But most of the investors currently are buying the stocks in the secondary market to make money through share trading instead of getting dividends. When the market takes a bullish run, such a tendency appears among the investors.

Likely, this market is largely dominated by financial institutions. This is because when other industries are struggling hard to maintain their performance, the banking industry has been able to maintain cheerful financial statements, even though first-quarter reports were down slightly year-on-year. An industry-wise a comparison shows banks to be the most stable during this period. Therefore, it is understandable for investors to snap up their shares.

Small investors, particularly in Nepal's case, make investments based on rumors and not on any fundamental or trend analysis. Therefore, the chance of losing one's investment is very high, and this market is too big to fail.

Investing in stock has been more lucrative than depositing money in the banks and financial institutions whose interest rate for deposits has shrunk sharply in the recent months due to high liquidity in the banking system. Another reason is that in recent months, many companies have issued initial public offerings (IPO), further public offerings (FPO) and some of the biggest companies are lined up for their IPO/FPO/Mutual Fund/Bonds/Debentures in the markets; and which are the preferred options for stock investors because they can get shares at a cheaper rate. On the other hand, the central bank has also adopted a capital market-friendly policy in its latest monetary policy for 2020-21. And the growing trend of the online trading of stocks also helped the secondary market to grow thereby. The Covid-19 pandemic forced us to go for online trading. It also enabled many investors across the country and Nepal is abroad to participate in trading, which contributed to the growth of the primary as well as a secondary market.

But keep in mind that, the performance of different asset classes varies across time. Just take a look at 2020 -gold shot up 27%, the equity market rose by 15%, while fixed income options delivered 7-8%. This also means that an investor who started 2020 with a certain asset allocation now holds a very different portfolio mix. Rebalancing will restore the original asset allocation, thereby controlling the risk in the portfolio. Now, the portfolio will not completely escape if the equity market declines, but rebalancing will cushion the impact to some extent.

Hence, the time has come to think that one should rebalance their portfolios at least once a year, ideally at the beginning of the year. It is also recommended when a particular asset class moves up or down by more than 10-15%.

With the stock indices touching new highs, it is time to rebalance once again. Back-testing studies show that rebalanced portfolios deliver better returns in the long run than static portfolios that don't make any changes. More importantly, rebalancing lowers the volatility of returns, which helps boost investors' confidence. When markets crash, investors with rebalanced portfolios are less likely to panic and more likely to remain invested.



Having said that, the rebalancing decision is not easy because it means taking a contrarian view. One has to get rid of assets that have done well and invest in underperforming assets. For some investors, especially those who invest through monthly SIPs, rebalancing would just mean no more investments in equities and directing the amount towards fixed income instruments. But for most others, it would require some profit booking in stocks and gold and reinvestment of the proceeds in fixed income options.

We have noted that most retail investors are not able to take the rebalancing decision on their own. Nobody wants to cut the flowers and water the weeds. However, selling at that point would have cushioned them against the big decline. This is where the role of a financial advisor comes into play. A qualified financial planner helps an investor overcome his emotions and take prudent investing decisions at the right time. Rebalancing is one such prudent decision whose time has come.



Banking Data Security

- *Samanta Acharya



For Banking and financial services, data protection is not considered very much important factor since banking data contains several primary and secondary information associated in it. The most common cyber threats in financial services during 2017-2020 were increasingly account-centric: attacks on personal accounts leading to identity theft and breach of trust between the Bank and the customer. Malware attacks on Banking systems are in rising trend, along with other types of cyber-attacks, although basic phishing attacks directed at customer and Bank employees are still popular, they offer a lower payoff than a whole system and database attack. The core approach to cybersecurity in a financial service institution such as Banks, must include a solid organizational structure and reporting procedures for cybersecurity operations; the experienced information security officer; safe network infrastructure and an office culture that embeds cybersecurity awareness in all operations and knowledge flows in the office environment. Regular risk assessments must be at the foundation of data threat mitigation in Banking services, no matter the size and business model. Incident reports and reassessment is helpful to build threat models and design prevention strategies. A reactive approach to cybersecurity is no longer enough for efficient threat prevention.

Data and Data loss:

Data, in its various forms, contains several information hence can be misused based on who gets those data? and how it is being used? Data in the hands of competitor is misused in one way whereas data in the hands of cyber criminals is used in different ways. After all, it only takes the click of a mouse by a determined hacker to steal data, account information, transaction information and personal data if not properly secured. Moreover, given the fact that most of the information that is produced or utilized by financial services firms is private and sensitive.

Meeting the need to protect from the traditional concerns with insiders and privileged users, while also dealing with the additional hazards that



compromise of these accounts may bring.Data protection requirements, particularly breach notification rules, for organizations are becoming stricter, and enforcement penalties are on the rise globally and its effect will be seen in the Nepalese regulator - NRB very soon.

Effects Effect of Data Loss:

- Brand damage and loss of reputation.
- Loss of competitive advantage.
- Loss of customers and their trust.
- Loss of market share.
- Erosion of shareholder value.
- Fines and penalties.
- Litigation/legal action
- Regulatory fines/sanctions
- Significant cost and effort to notify affected parties and recover from the breach

Data Loss Prevention Best Practices:

The following data loss prevention best practices will help to protect sensitive data from internal and external threats.

1. Identify and classify sensitive data:

To protect data effectively, we need to know exactly what types of data we have. As data is created, modified, stored or transmitted, the classification can be updated. However, controls should be in place to prevent users from altering classification levels.

2. Use data encryption and DLP systems:

All critical business data should be encrypted not only during transit but also in backups and in storage. Encrypting the hard drives of computers and laptops will help avoid the loss of critical information even if attacks gain access to the device. Use of the DLP software will restrict and sense the Data loss and transmit in the network as per the rules deployed.

3. Systems Hardening:

Any place where sensitive data reside, even temporarily, should be secured based on the types of information that system could potentially have access. This includes all external systems that could get internal network access via remote connection with significant privileges.

4. Implement patch management strategy:

Ensuring that all operating systems and applications in IT environment are up to date is essential for data protection and cybersecurity. While some things, such as updates to the signatures for antivirus tools, can be automated, patches for critical infrastructure need to be thoroughly tested to ensure that no functionality is compromised and no vulnerabilities are introduced into the system.

5. Use anomaly detection:

To identify abnormal user behavior, some modern DLP solutions supplement simple statistical analysis and correlation rules with machine learning and behavioral analytics. Generating a model of the normal behavior of each user and group of users enables more accurate detection of suspicious activity that could result in data leakage.

6. Educate stakeholders:

Putting policy in place is not enough. Invest in making stakeholders and users of data aware of the policy, its significance and need to do to safeguard the organization's data. Awareness among the employs, users and customer is very much important to safeguard data.

7.Don't save and transmit unnecessary data/information:

An organization should store/share only information that is essential. Data that we don't have cannot go missing and will be eventually misused.

*Author Mr. Acharya is a Computer Engineer and working as an Information Security Office (ISO) in this Bank since 2012

नेपालमा बैंकिङ्ग विकास

- सन्तोष राज भट्ट



प्राचिन कालदेखी नै नेपालमा मुर्तीकला तथा वास्तुकलाको व्यावसायीक विकास भएका कारण नेपालमा मुद्राको उत्पत्ती र विकास संगै बैंकिङ्ग विकास भएको पाईन्छ । प्राचिन समयमा साहु महाजन, मुखीयाहरूले सापटी दिने र व्याज स्वरूप घिउ, ठेकी तथा श्रम लिने प्रचलन रहदै आएको थियो । सो समयमा सापटी लेनदेनमा व्याजको सम्वन्धमा कुनै एक निश्चित नियम नहुदा मनोमानी हिसावले व्याज असुल्दै जाने परम्परा बढ्दै जान थाल्यो, तत्पश्चात गोरखाका तत्कालीन राजा राम शाहले व्याज सम्बन्धमा एउटा नियम बनाए । जसअनुसार नगदको सयकडा १० तथा जिन्सी २० मात्र लिन पाउने व्यवस्था गरियो ।

आठौ सताव्दीमा राजा गुणकाम देवले कर्जा लिएर काठमान्डौमा बस्ती बसालेको पनि किम्बदन्ती रहेको छ । शताव्दीको अन्त्यतिर शंखधर शाख्वा नामका व्यापारीले काठमान्डौ र भक्तपुरका सम्पुर्ण जनतालाई ऋणमुक्त तुल्याएर नेपाल संवतको सुरूवात गरेका थिए । प्राचिन समयमा विभिन्न राजाहरूले आफ्नो नामबाट सुन चादी तथा तामाका मुद्राहरू जस्तै मानाँ, गुणाँ आदि प्रचलनमा ल्याउने गरेका थिए । मुद्राको चलन बढेसंगै ऋणकारोबार पनि बढ्न थाल्यो र अनौपचारिक रूपमा बैंकिङ्ग व्यवसायको विकार सुरू भएको अनुमान लगाउन सकिन्छ । बाईसे चौवीसे राज्यलाई पृथ्वी नारायण शाहले एकीकरण गरेपश्चात आफ्नो नामको मोहर प्रचलनमा ल्याउनुले अनौकचारिक बैंकिङ्ग प्रथाको विकासमा उल्लेखनिय भुमिका खेलेको थियो ।

तिव्वत र भारत संगको वढ्दो व्यापार संगै वस्तु विनिमयको प्रथाको अन्त्य गर्दै बैंकिङ्ग प्रथाको क्रमशःविस्तार भएको पाईन्छ । वि.स. १९८९मा टक्सार विभागको स्थापना भई औपचारीकरूपमा मुद्रा निष्काशन सुरू भई बैंकिङ्ग विकासलाई प्रोत्साहन मिलेको पाईन्छ ।

- संस्थागत बैंकिङ्ग पद्धतीको विकास

राणाकालमा तत्कालिन राणा प्रधानमन्त्री श्री ३ रणोदिप शाहको पालामा तेजारथ अयाको स्थापना भएपछि सरकारी कर्मचारी तथा सर्वसाधारण लाई सुनचादी तथा गरगहना धितो राखी ऋण दिन सुरू गऱ्यो । देशभरी विभिन्न भागहरूमा शाखाहरू विस्तार गरियो । सो समयमा ५ प्रतिशत व्याजदरमा कर्जा लगानीको सुरूवात गर्रिको थियो तर निक्षेप भने संकलन गरिदैनथ्यो । अयाको लागी लगानीको मुख्य श्रोत सरकार बाट प्राप्त गर्ने रकम नै हुने गर्दथ्यो ।

नेपालको अर्थव्यवस्था सुरूवात देखी नै कृषीमा आधारीत रहदै आईएको छ । तेजारथ अयाले ऋण प्रदान गर्दै आएपनि किसानहरूको पहुच हुन सकेन फलस्वरूप किसानहरू साहुमहाजन बाट नै चर्को व्याजदरमा ऋण लिन बाध्य थिए । चर्को व्याजदर र व्याजको पुजीकरणले गर्दा किसानहरू भिते लिलाम गर्न वाध्यहुने प्रवृतीको विकास हुन थाल्यो ।

वि.सं. १९८० साल तिर भारत संग भएको शान्ती तथा मैत्री सन्धी पश्चात नेपालले भारतको बन्दरगाह प्रयोग गरी समुन्द्र सम्म स्वतन्त्र रूपले व्यापार गर्न सुरू गरे संगै व्यापार विभिदीकरणको सम्भावना बढेर गएको थियो । फलस्वरूप वि.सं. १९९३ सालमा नेपाल उद्योग परिषदको गठन भयो । विराटनगर जुतमीलको स्थापनाले उद्योग व्यापारको विस्तारमा टेवा पुगेको पाईन्छ ।

नेपाल भारतको व्यार सम्झौता, समुन्द्रसम्म विना रोकथोक व्यापार तथा विभिनन उद्योगहरूको स्थापनाले नेपालमा संस्थागत बैंकिङ्गको आवश्यकता महसुस हुदै गयो । यसै क्रममा सर्वसाधारणको वचत संकलन गरि कृषी, उद्योग र व्यापार लाई पुजी उपलब्ध गराउन वि.स. १९९४ सालमा नेपाल बैंकको स्थापना गरियो । यो संगै नेपालमा संस्थागत बैंकिङ्गको सुरूवात भयो । तत्पश्चात नेपालमा केन्द्रीय बैंकको रूपमा वि.स. २०१३ बैसाख १४ गते नेपाल राष्ट्र बैंकको स्थापना गरियो । वि.स. २०१६ साल फागुन ७ गते नेपाल राष्ट्र बैंकले प्रथम पटक मुद्रा निष्काशन गरेको थियो ।

बैंकका गतिविधिहरू

सिटिजन्स बैंकको चौधौं वार्षिक साधारण सभा सम्पन्न



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको चौधौं वार्षिक साधारण सभा बैंक सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारीको अध्यक्षतामा मिति २०७७ साल मंसिर महिना २० गते, शनिबार, केन्द्रिय कार्यालय भवन, नारायणहिटी पथ, दरबारमार्ग, काठमाण्डौमा सम्पन्न भएको छ । कोभिड-१९ का कारण पर्न सक्ने सम्भावित असरलाई मध्यनजर गर्दै सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी डिजिटल प्लाटफर्म जुम मार्फत चौधौं वार्षिक साधारण सभा संचालन गरेको हो । यस अवसरमा आ.व. २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गरिएको छ । बैंकको लेखापरीक्षकको प्रतिवेदनसहित २०७७ आषाढ मसान्तको NFRS बमोजिम तयार गरिएको वासलात, आ.व. २०७६/७७ को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका एकीकृत (Consolidated) वित्तीय विवरणहरू छलफल गरी स्वीकृत भएको छ । त्यसै गरी साधारण सभाले गत आर्थिक वर्ष २०७६/७७ को वितरण योग्य मुनाफाबाट ८ प्रतिशतका दरले हुन आउने रू. ७२,७१,८५,३८३.१८ बराबरको बोनस शेयर वितरण गर्ने र ३ प्रतिशतका दरले हुन आउने रू.२७,२६,९४,५१८.६९ बराबरको नगद लाभांश (लाभांश कर समेत) दिने प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिसन डेभलपमेण्ट बैंकलाई प्राप्ति गर्ने अन्तिम सम्झौता पत्रमा हस्ताक्षर, राष्ट्र बैंकको स्वीकृति पछि संयुक्त कारोबार



बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम सिटिजन्स बैंक इन्टरनेसेनल लिमिटेडले नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त, बुटवलमा प्रधान कार्यालय रहेको तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने गरी आज उक्त बैंकसंग अन्तिम सम्झौता पत्रमा हस्ताक्षर गरेको छ । मिति २०७७ साल पौष २२ गते यस बैंकको मुख्य कार्यालय नारायणहिटी पथमा आयोजित एक कार्यक्रमका बीच यस बैंकको तर्फबाट संचालक तथा मर्जर तथा प्राप्ति समितिका संयोजक श्री प्रवल जंग पाण्डे र तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडका तर्फबाट संचालक तथा मर्जर तथा प्राप्ति समितिका संयोजक श्री राजेन्द्र प्रसाद ओझाले उक्त सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको हो । दुवै बैंकले आ-आफ्नो विशेष/साधारण सभाबाट प्राप्ति सम्बन्धी विशेष प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको अन्तिम स्वीकृति पछि एकीकृत कारोबार सुरू गरिनेछ । दुवै बैंकले गत कार्तिक १ गते प्राप्तिका लागि प्रारम्भिक समझदारीमा हस्ताक्षर गरेको थियो ।

सिटिजन्स बैंकको Insta-Buy योजना संचालनमा, मासिक किस्ताबन्दीमा वस्तु एवं सेवा खरिद गर्न सकिने

सर्वसाधारणलाई गुणस्तरिय सेवा तथा सूविधा दिदैं आएको सिटिजन्स बैंकले ग्राहक महानुभावहरूलाई वस्तु एवं सेवा खरिद गर्न सहज होस् भन्ने अभिप्रायका साथ देशभरका जुनसुकै मर्चेन्टहरुमा क्रेडिट कार्डमार्फत न्युनतम रू. १०,०००।- देखि अधिकतम रू. २५०,०००।- सम्म भुक्तानी गर्दा उक्त खरिद रकमलाई मासिक किस्ताबन्दीमा रूपान्तरण गर्न सकिने Insta-Buy योजना संचालनमा ल्याएको छ । यस Insta-Buy योजना अन्तगर्त बैंकले आफ्ना क्रेडिट कार्ड प्रयोगकर्ताहरुलाई एकै पटकमा खरिद गरिएको वस्तु तथा सेवाहरुको सम्पूर्ण खरिद रकम भुक्तानी गर्न एवं आफ्नो आयस्रोत अनुसारको किस्ता अवधि छनौट गर्न सकिने नविनतम सुविधा ल्याएको हो । यस योजना मार्फत ग्राहक महानुभावहरुले आफुले किन्न खाजेको वस्तु तथा सेवा तत्काल खरिद गरी रकम किस्ताबन्दीमा बैंकलाई तिर्नसक्ने सुविधा प्राप्त गर्न सक्नुहुनेछ । क्रेडिट कार्ड प्रयोगकर्ताहरुले खरिद गर्नुहुने वस्तु तथा सेवाहरुको खरिद रकम न्यूनतम ३ देखि अधिकतम १८ महिनासम्मको अवधिभित्र बैंकलाई भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको छ । ग्राहक महानुभावहरुले क्रेडिट कार्ड मार्फत वस्तु तथा सेवा खरिद गरे पश्चात् आफुलाई पायक पर्ने बैंकको शाखा पुगेर किस्ताबन्दीको लागि आवेदन दिन सक्नुहुनेछ । यस योजनामा सहभागी भई आकर्षक सुविधा प्राप्त गर्न चाहनुहुने नयाँ ग्राहक महानुभावहरुले क्रेडिट कार्डको निमित्त आवेदन दिन बैंकको कुनै पनि शाखा कार्यालय वा बैंकको वेबसाइटमार्फत जुनसुकै स्थानबाट जुनसुकै समयमा अनलाइन आवेदन दिन समेत
सक्नुहुनेछ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा रहित बैंकिङ्ग सेवा जाजरकोट जिल्लाको कालीमाटी बजारमा



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशका विभिन्न दुर्गम स्थलका बासिन्दाहरूलाई सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ्ग सेवा पुऱ्याउने उद्देश्यका साथ शाखा रहित बैंकिङ्ग सेवा विस्तार गरेको छ । यसै क्रममा बैंकले जाजरकोट जिल्लाको नलगाड नगरपालिका, कालीमाटी बजारमा यहि पौष २४ गतेबाट १०७ औं शाखारहित बैंकिङ्ग सेवा प्रारम्भ गरेको छ । सो स्थानमा सेवा संचालनका लागि स्थानीय व्यवसायी अमर बहादुर बोहरा लाई व्यवसायिक प्रतिनिधि नियुक्त गरिएको छ । यस शाखा रहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी, उपयोगी सेवाहरूको रकम भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरू उपलब्ध गराउने लक्ष्य राखिएको छ । यस सेवाबाट ग्रामिण क्षेत्रमा बैंक प्रति उल्लेखिय विश्वास एंव बैंकिङ्ग सभ्यताको बिस्तार हुने अपेक्षा बैंकले लिएको छ ।

बैंकका गतिविधिहरू

सिटिजन्स बैंक र रिटर्नी माइग्रेन्ट नेपाल बीच सहुलियतपूण वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा प्रवाह गर्ने सम्झौता



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र रिटर्नी माइग्रेन्ट नेपालका बीच सहुलियतपूण वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा प्रवाह गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । यस सम्झौता पश्चात रिटर्नी माइग्रेन्ट नेपालको सिफारिसमा यस बैंकले वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने भएको छ । वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई १० लाखसम्म कर्जा सहुलियतपूर्ण दरमा प्रदान गरिने छ । विदेशबाट फर्किने नेपाली श्रमिकको संख्या दिनानुदिन बढ्ने र यो जनशक्तिलाई रोजगारी र उद्यममा जोड्न सहज होस् भन्ने उदेश्यका बैंकले यो सम्झौता गरेको हो । मिहिनेत गर्न सक्ने उमेर, जोश जागर, विदेशबाट आर्जित शिप, प्रविधि र धेरथोर लगानीलाई अर्थतन्त्रको मूल प्रवाहमा ल्याउन यस पहलकदमीले समाजमा सकारात्मक परिवर्तन ल्याउने विश्वास बैंकले लिएको छ । बिदेशमा रहंदा रोजगारीमा मात्रै केन्द्रित हुनुपर्ने कारणले गर्दा व्यावशायिक ज्ञानको कमि, नेपाली बजारको यथार्थ जानकारी नहुनु, नीति, नियम र प्रणालीसंग परिचित नहुनु, व्यवस्थापकीय ज्ञानको अभाव, सरकारी तवरबाट व्यवशायिक तालिम, अभिमुखीकरण, परामर्शको व्यवस्था नहुनु, वित्तीय साक्षरताको बारेमा जानकारी नहुनुले लगानीयोग्य पुंजी सदुपयोग हुन नसकेको परिस्थितिलाई मत्थर पार्न यस सम्झौताले सहज पार्नेछ । राज्यले लिएको विभिन्न किसिमका कर्जाहरूको सजिलो तथा उत्साहपूर्ण ढंगले प्रवाह गर्न बैंकले देशै भरी छरिएका १०९ वटा शाखाहरूबाट विभिन्न शिर्षकमा सहुलियत कर्जा उपलब्ध गराउँदै आएको छ ।

सिटिजन्स बैंक र महिला उद्यमी महासंघ,नेपालका बीच अनुदानित महिला उद्यमी कर्जा प्रवाह गर्ने सम्झौता



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र महिला उद्यमी महासंघ,नेपालका बीच अनुदानित महिला उद्यमी कर्जा प्रवाह गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । यस सम्झौता पश्चात महिला उद्यमी महासंघ,नेपालको सिफारिसमा यस बैंकले महिला उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने भएको छ । महिला उद्यमशीलता कर्जा १५ लाखसम्म सहुलियतपूर्ण दरमा प्रदान गरिने छ । महिला उद्यमशिलताको विकाशको हेतु चाहिने आर्थिक आवश्यकताको मांगलाई सम्बोधन गर्न यो सम्झौता फलदायी हुने विश्वास बैंकले लिएको छ। यस सम्झौताले महिला उद्यमीहरूको पहिचान गर्न बैंकले भोग्नु परेको कठिनाईलाई मत्थर पार्न सहज हुनेछ । राज्यले लिएको विभिन्न किसिमका कर्जाहरूको सजिलो ढंगले उत्साहपूर्ण किसिमले प्रवाह गर्न बैंकले देशै भरी छरिएका १०९ वटा शाखाहरूबाट विभिन्न शिर्षकमा सहुलियत कर्जा उपलब्ध गराउँदै आएको छ ।

सिटिजन्स बैंकका ग्राहकहरूले होटल साम्बालामा विशेष छुट प्राप्त गर्ने



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र होटल साम्बाला बीच बैंकका ग्राहक महानूभावहरूलाई विभिन्न सेवा शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । यस सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट, क्रेडिट र प्रिभिलेज कार्डवाहक महानूभावहरूले होटल साम्बालामा सेवा लिंदा विशेष छुट पाउँनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक महानूभावहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

सिटिजन्स बैंकका ग्राहकहरूले वन डे थ्रिडी आर्ट रेष्टुरेन्टमा विशेष छुट प्राप्त गर्ने



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र वन डे थ्रिडी आर्ट रेष्टुरेन्ट, कुमारीपाटी, काठमाडौं बीच सिटिजन्स बैंकका कार्डवाहक तथा मोबाइल बैंकिङ्ग ग्राहक महानूभावहरूलाई रेष्टुरेन्टको सेवा शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पश्चात् सिटिजन्स बैंकका डेबिट/क्रडिट/प्रिभिलेज कार्डवाहक, मोबाइल बैंकिङ्ग ग्राहक महानूभाव तथा कर्मचारीहरूले वन डे थ्रिडी आट रेष्टुरेन्टका विभिन्न सेवाहरूमा विशेष छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

सिटिजन्स बैंकका ग्राहकहरूले ल्याण्डमार्क होटल, रिसोर्ट एण्ड स्पामा विशेष छुट प्राप्त गर्ने

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र ल्याण्डमार्क होटल, रिसोर्ट एण्ड स्पा बिच बैंकका ग्राहक महानूभावहरूलाई बिभीन्न सेवा शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । यस सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट क्रेडिट र प्रिभिलेज कार्डवाहक महानूभावहरूले ल्याण्डमार्क होटल, रिसोर्ट एण्ड स्पामा सेवा लिंदा विशेष छुट पाउँनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक महानूभावहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

सिटिजन्स बौकद्वारा भिसा कन्ट्याक्टलेस कार्डको सुरूवात



सिटिजन्स बैक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकहरूको लागि भिसा कन्टयाक्टलेस कार्डको सुरूवात गरेको छ । Near Field Communication (NFC) मा आधारित उक्त कार्ड NFC युक्त अर्थात ट्याप सुविधा भएको POS मेसिनहरूमा प्रयोग गर्न सकिन्छ । यस प्रविधीमा मेसिन भित्र कार्ड नछिराई एउटा सिमित दुरीबाट एइक मेसिनमा ट्याप मात्र गरि भुक्तानी गर्न सकिन्छ । यो प्रविधी सरल एवम सहज हुनुका साथै अहिलेको कोभिडको जोखिममा कसैसँग नछोइकन कारोबार गर्न सकिन्छ । राष्ट्र बैंकको नियमानुसार हाललाई यस प्रविधीबाट प्रति कारोबार २ हजार रूपैयाँसम्म बिना पिन कारोबार गर्न सकिने व्यवस्था मिलाइएको छ ।

बैंकका गतिविधिहरू

सिटिजन्स बैंकको छैठौं विशेष साधारण सभा सम्पन्न



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको छैठौं विशेष साधारण सभा बैंक सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारीको अध्यक्षतामा मिति २०७७ माघ १५ गते बैंकको केन्द्रिय कार्यालय भवन, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौमा सम्पन्न भएको छ । कोभिड-१९ का कारण पर्न सक्ने सम्भावित असरलाई मध्यनजर गर्दै सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी डिजिटल प्लाटफर्म जुम मार्फत बैंकको छैठौं विशेष साधारण सभा संचालन गरेको हो ।

सञ्चालक समितिको तर्फबाट अध्यक्ष राजन सिंह भण्डारीले तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडललाई प्राप्ति (एक्विजिसन) गर्नका लागि गर्नुभएको विशेष प्रस्ताव पारित भएको हो । यस विशेष साधारण सभाले तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड बीच भएका प्रारम्भिक सहमति तथा अन्तिम सम्झौतापत्रहरूको अनुमोदन गरेको छ । तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर (१:०.९६) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गरिएको छ ।

सिटिजन्स बैंक इन्टरनेसन लिमिटेडका ग्राहकहरूलाई करियर स्टेसनमा विशेष छुट



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र करियर स्टेसन प्रा लि, नयाँबानेश्वर, काठमाडौ बिच बैंकका ग्राहक महानूभावहरूलाई IELTS/KUMAT/TOEFL/SAT /PTE/CMAT/GMAT/GRE का तयारी कक्षामा विशेष छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। यस सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट, क्रेडिट र प्रिभिलेज कार्ड वाहक महानूभावहरू र उहाँहरुका परिवारका सदस्यहरूले करियर स्टेसनमा सेवा लिंदा विशेष छुट पाउँनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक महानूभावहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ।

सिटिजन्स बैंकका ग्राहकहरूले होटल अकामा प्रा.ली.मा विशेष छुट प्राप्त गर्ने



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र होटल अकामा प्रा. ली., धुमबाराहि, काठमाडौं बीच सिटिजन्स बैंकका कार्डवाहक ग्राहक महानूभावहरूलाई होटलको सेवा शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट/क्रेडिट/प्रिभिलेज कार्डवाहक तथा कर्मचारीहरू साथसाथै संचालक समितिका सदस्यले होटल अकामाका विभिन्न सेवाहरूमा विशेष छुट पाउँनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

सिटिजन्स बैंकका ग्राहकहरूले द फर्न रेसिडेन्सीमा विशेष छुट प्राप्त गर्ने

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र द फर्न रेसिडेन्सी होटल, भरतपुर, चितवन बीच बैंकका ग्राहक महानूभावहरूलाई विभिन्न सेवा शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । यस सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट,क्रेडिट र प्रिभिलेज कार्डवाहक महानूभावहरूले द फर्न रेसिडेन्सी होटलमा सेवा लिंदा विशेष छुट पाउँनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक महानूभावहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

सिटिजन्स बैंकका ग्राहकहरूले त्रिपुरा रिसोर्टमा विशेष छुट प्राप्त गर्ने

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र त्रिपुरा रिसोर्ट कालिन्चोक बीच बैंकका ग्राहक महानूभावहरूलाई विभिन्न सेवा शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । यस सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट, क्रेडिट र प्रिभिलेज कार्डवाहक महानूभावहरूले त्रिपुरा रिसोर्टमा सेवा लिंदा विशेष छुट पाउनु हुनेछ । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक महानूभावहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

सिटिजन्स बैंक र कर्मभुमी समाज बीच सहुलियतपूर्ण कर्जा तथा लघु, साना र मझौला उद्यमहरूलाई सहयोग गर्ने सम्झौता

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कर्मभुमी समाज बीच सहुलियतपूर्ण कर्जा तथा लघु, साना र मझौला उद्यमहरूलाई सहयोग गर्ने सम्झौता भएको छ । सिटिजन्स बैंक लघु, साना तथा मझौला उद्यमीहरको वित्तीय पहुँचमा वृद्धि तथा समग्र अर्थतन्त्रको विकासको गर्नका लागि विभिन्न सुविधाहरु र सेवाहरु उपलब्ध गराउन सधैं अग्रसर रहेको छ । दिगो विकासको लागि लघु, साना तथा मझौला उद्यमीहरूलाई उचित वित्तीय कारोबार अभ्यासको अनुसरण गर्न र देशको कानून र नियमनको पालना गर्न यस बैंकले सदैव मद्दत गर्दै आएका छ ।



बैंकका गतिविधिहरू

सिटिजन्स बैंक कर्पोरेट पे प्रणालीमा आबद्ध



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नेपाल क्लियरिङ्ग हाउस लिमिटेड बीच कर्पोरेट पे प्रणालीको कार्यान्वयनका लागी सम्झौता भएको छ । यस प्रणाली अन्तगर्त बैंकका संस्थागत ग्राहकहरूले बैंक खाताबाटै डिजिटल भुक्तानी गर्न सक्नु हुनेछ ।बैंकले आफ्ना व्यावसायिक ग्राहकहरूलाई प्रदान गर्ने उक्त डिजिटल प्ल्याट्फर्म मार्फत बैंकमा नगई आफैले फण्ड ट्रान्स्फर, तलब भुक्तानी, भेन्डर पेमेन्ट, सरकारी राजस्व भुक्तानी लगायतका अन्य विभिन्न व्यावसायिक भुक्तानीहरू खाताबाटै सजिलै गर्न सक्नेछन् । उक्त प्रणाली मार्फत कनेक्ट आइपीएस तथा आइपीएसमा भुक्तानी कारोबारहरू गर्न सक्ने बैंकले जानकारी दिएको छ ।

कर्पोरेट पेमा आबद्ध हुनका लागि ग्राहकले बैंकमा सम्पर्क गर्नुपर्ने हुन्छ र साधारण आवेदनको स्विकृती लगायतका आवश्यक प्रक्रिया पूरा गरी बैंकबाट सो सेवा प्राप्त गर्न सकिनेछ । यस पश्चात भने ग्राहकका प्रयोगकर्ताहरू आफैले तोकिएको सीमा कारोबार भित्र कुनैपनि भुक्तानीहरू बैंकमा बैंकमा उपस्थित नभई नै गर्न सक्दछन्, भने सो सीमा भन्दा बढीको कारोबार गर्न भने बैंकले थप चेक जाँच पश्चात प्रक्रिया अगाडी बढाउने व्यवस्था रहेको छ । यस प्रणालीमा पहुँच पाउन मल्टी लेयर अथेन्टिकेसनको सुरक्षित व्यवस्था गरिएको छ भने, कुनै पनि कारोबार प्रविष्ट गर्न र स्वीकृत गर्न ग्राहक आफैले निर्धारण गरेको आधिकारीक प्रयोगकर्ताहरूले मात्र गर्न पाउने गरी यस प्रणालीमा सुरक्षाको व्यवस्था मिलाइएको छ । साथै ग्राहकले आवश्यकता अनुरूप यस प्रणालीमा एक भन्दा बढी बैंक खाताहरू पनि लिन्क गरी कारोबार गर्न सकिने प्रावधान रहेको छ ।

सिटिजन्स बैंकका ग्राहकहरूले होटल मेरिडियनमा विशेष छुट प्राप्त गर्ने



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नेपाल क्लियरिङ्ग हाउस लिमिटेड बीच कर्पोरेट पे प्रणालीको कार्यान्वयनका लागी सम्झौता भएको छ । यस प्रणाली अन्तगर्त बैंकका संस्थागत ग्राहकहरूले बैंक खाताबाटै डिजिटल भुक्तानी गर्न सक्नु हुनेछ । बैंकले आफ्ना व्यावसायिक ग्राहकहरूलाई प्रदान गर्ने उक्त डिजिटल प्ल्याट्फर्म मार्फत बैंकमा नगई आफैले फण्ड ट्रान्स्फर, तलब भुक्तानी, भेन्डर पेमेन्ट, सरकारी राजस्व भुक्तानी लगायतका अन्य विभिन्न व्यावसायिक भुक्तानीहरू खाताबाटै सजिलै गर्न सक्नेछन् । उक्त प्रणाली मार्फत कनेक्ट आइपीएस तथा आइपीएसमा भुक्तानी कारोबारहरू गर्न सक्ने बैंकले जानकारी दिएको छ ।
कर्पोरेट पेमा आबद्ध हुनका लागि ग्राहकले बैंकमा सम्पर्क गर्नुपर्ने हुन्छ र साधारण आवेदनको स्विकृती लगायतका आवश्यक प्रक्रिया पूरा गरी बैंकबाट सो सेवा प्राप्त गर्न सकिनेछ । यस पश्चात भने ग्राहकका प्रयोगकर्ताहरू आफैले तोकिएको सीमा कारोबार भित्र कुनैपनि भुक्तानीहरू बैंकमा बैंकमा उपस्थित नभई नै गर्न सक्दछन्, भने सो सीमा भन्दा बढीको कारोबार गर्न भने बैंकले थप चेक जाँच पश्चात प्रक्रिया अगाडी बढाउने व्यवस्था रहेको छ । यस प्रणालीमा पहुँच पाउन मल्टी लेयर अथेन्टिकेसनको सुरक्षित व्यवस्था गरिएको छ भने, कुनै पनि कारोबार प्रविष्ट गर्न र स्वीकृत गर्न ग्राहक आफैले निर्धारण गरेको आधिकारीक प्रयोगकर्ताहरूले मात्र गर्न पाउने गरी यस प्रणालीमा सुरक्षाको व्यवस्था मिलाइएको छ । साथै ग्राहकले आवश्यकता अनुरूप यस प्रणालीमा एक भन्दा बढी बैंक खाताहरू पनि लिन्क गरी कारोबार गर्न सकिने प्रावधान रहेको छ ।



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा रहित बैंकिङ्ग सेवा इलाम जिल्लाको चिसोपानी पञ्चमी बजार, र काठमाडौ जिल्लाको चोभारमा



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशका विभिन्न दुर्गम स्थलका बासिन्दाहरूलाई सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ्ग सेवा पुर्‍याउने उद्देश्यका साथ शाखा रहित बैंकिङ्ग सेवा विस्तार गरेको छ । यसै क्रममा बैंकले इलाम जिल्लाको चिसोपानी, पञ्चमी बजार र काठमाडौ जिल्लाको चोभार मा यहि पौष १५ गतेबाट १०५ र १०६ औं शाखारहित बैंकिङ्ग सेवा प्रारम्भ गरेको छ । उक्त स्थानहरूमा सेवा संचालनका लागि क्रमश स्थानीय व्यवसायी राममाया सम्बाम्फे र सुरेन्द्र केसीलाई व्यवसायिक प्रतिनिधि नियुक्त गरिएको छ ।यस शाखा रहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी, उपयोगी सेवाहरूको रकम भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरू उपलब्ध गराउने लक्ष्य राखिएको छ । यस सेवाबाट ग्रामिण क्षेत्रमा बैंक प्रति उल्लेखिय विश्वास एंव बैंकिङ्ग सभ्यताको बिस्तार हुने अपेक्षा बैंकले लिएको छ ।

